# साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
## Sana Kisan Bikas Laghubitta Bittyasanstha Limited.

(Class "D" Institution Licensed by Nepal Rastra Bank)
Central Office, Subidhanagar, Tinkune, Po.Box: 21956, Kathmandu, Nepal
Tel: +977-01-4111828, 4111923; Fax:+977-01-4111901; Email info@skbbl.com.np; Web : www.skbbl.com.np

## Unaudited Financial Results (Quarterly)
As at 4th Quarter (32/03/2075) of the Fiscal Year 2074/75

(Rs. in '000)

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | Total Capital & Liabilities (1.1 to 1.7) | 19,499,859.06 | 17,487,623.51 | 14,941,654.01 |
| 1.1 | Paid-up Capital | 628,827.93 | 628,827.93 | 503,062.34 |
| 1.2 | Reserve and Surplus | 1,377,505.20 | 1,256,486.35 | 1,111,010.08 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 15,750,414.23 | 14,041,409.41 | 11,949,490.51 |
| 1.5 | Deposits (a+b) | - | - | - |
| | a. Member | - | - | - |
| | b. Public | - | - | - |
| 1.6 | Income Tax Liabilities | - | 7,646.47 | 6,986.98 |
| 1.7 | Other Liabilities | 1,743,111.70 | 1,553,253.35 | 1,371,104.10 |
| 2 | Total Assets (2.1 to 2.7) | 19,499,859.06 | 17,487,623.51 | 14,941,654.01 |
| 2.1 | Cash & Bank Balance | 1,119,183.28 | 360,137.81 | 318,811.30 |
| 2.2 | Money at call and short Notice | 1,303,071.10 | 483,521.93 | 339,855.88 |
| 2.3 | Investments | 98,171.20 | 98,171.20 | 178,171.20 |
| 2.4 | Loans & Advances | 16,891,223.32 | 16,457,723.17 | 13,994,934.73 |
| 2.5 | Fixed Assets | 16,005.72 | 17,084.80 | 18,028.01 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 72,204.44 | 70,984.60 | 91,852.89 |
| 3 | **Profit and Loss Account** | **Up to This Quarter** | **Up to Previous Quarter** | **Up to Corresponding Previous Year Quarter** |
| 3.1 | Interest Income | 1,606,070.05 | 1,130,650.33 | 1,090,084.04 |
| 3.2 | Interest Expense | 842,814.51 | 598,158.18 | 451,805.45 |
| | A.Net Interest Income (3.1-3.2) | 763,255.55 | 532,492.16 | 638,278.59 |
| 3.3 | Fees Commission and Discount | 1.37 | 0.84 | 2.07 |
| 3.4 | Other Operating Income | 1,384.08 | 637.41 | 1,012.57 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| | B.Total Operating Income (A+3.3+3.4+3.5) | 764,641.00 | 533,130.41 | 639,293.23 |
| 3.6 | Staff Expenses | 55,795.90 | 39,610.84 | 53,883.04 |
| 3.7 | Other Operating Expenses | 40,063.46 | 23,540.03 | 31,668.02 |
| | C.Operating profit Before Provision (B-3.6-3.7) | 668,781.64 | 469,979.54 | 553,742.17 |
| 3.8 | Provision for Possible Loss | 66,878.65 | 44,267.94 | 35,488.96 |
| | D.Operating profit (C-3.8) | 601,902.99 | 425,711.60 | 518,253.21 |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | 1,366.48 |
| 3.10 | Write Back of Provision for Possible Loss | 28,017.33 | 11,839.92 | - |
| | E.Profit From Regular Activities (D+3.9+3.10) | 629,920.32 | 437,551.52 | 519,619.69 |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| | F.Profit Before Bonus and Taxes (E+3.11) | 629,920.32 | 437,551.52 | 519,619.69 |
| 3.12 | Provision For Staff Bonus | 57,265.48 | 39,777.41 | 47,238.15 |
| 3.13 | Provision For Tax | 171,796.45 | 119,332.23 | 141,714.46 |
| | G.Net Profit/Loss (F-3.12 -3.13) | 400,858.39 | 278,441.88 | 330,667.08 |
| 4 | **Ratios** | **At the End of this Quarter** | **At the End of Previous Quarter** | **At the End of Corresponding Previous Year Quarter** |
| 4.1 | Capital Fund to RWA | 10.64% | 10.36% | 10.41% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.04% | 0.13% | 0.10% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 3963.79% | 1139.54% | 1543.61% |
| 4.4 | Cost of Funds | 5.65% | 5.69% | 3.86% |

**Note:**
1. Unaudited financial figures are subject to change from Supervisory Authority and External Audit.
2. Loans and Advances are presented on Gross Basis. Provisions are included in Other Liabilities.
3. Previous Period Figures have been regrouped & adjusted where necessary.

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ को उपनियम (२) अनुसूची–१४ सँग सम्बन्धित आ.व.०७४/७५ को चौंथो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :
यस संस्थाको आ.व.०७४/७५ को चौथो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरू :

| प्रति शेयर आम्दानी | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| रु.६३।७५ | १८।२० गुणा | रु.३१९।०६ | रु.३१००।९८ | १५।३८% |

२. व्यवस्थापकीय विश्लेषण :

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता आदि विवरण हेर्दा सन्तोषजनक रहेको छ। हालसम्म यस संस्थाको वित्तीय स्थिति व्यवस्थापनको योजना अनुरुप नै रहेको छ।

(ख) आगामी दिनहरूमा समेत व्यावसायिक विविधिकरण तथा ग्राहकको चाहना बमोजिम वित्तीय एवं गैर वित्तीय सेवा तथा सुबिधा उपलब्ध गराउने जस्ता कुराहरूमा संस्था व्यवस्थापन प्रतिबद्ध छ।

(ग) यस संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था समीक्षा अवधिमा नरहेको।

३. कानूनी कारवाही सम्बन्धी विवरण :

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :– नभएको।

(ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए/नभएको – यस संस्थाको जानकारीमा नरहेको।

(ग) यस संस्थाको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए/नभएको – यस संस्थाको जानकारीमा नरहेको।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :
यस संस्थाको धितोपत्र बजारमा शेयरको कारोबार तथा मूल्य वृद्धि उन्मुख रहनुले बजारले राम्रो प्रतिक्रिया जनाएको भन्ने हाम्रो बुझाई रहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : नेपालस्टक एक्सचेन्ज लिमिटेडको वेबसाईट www.nepalstock.com.np अनुसार यस त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार निम्नानुसारले भएको देखिन्छ।

अधिकतम मूल्यः रु.१,३१९।– न्यूनतम मूल्यः रु.१,०९३।– अन्तिम मूल्यः रु.१,१६०।–
कारोबार दिनः ६३ कारोबार संख्याः २,४५०

५. समस्या तथा चुनौति :

(क) आन्तरिक समस्या तथा चुनौति :
आधुनिक प्रविधिको उपयोगमा कठिनाई हुनु र मानवीय लगायत अन्य स्रोत साधनहरूको समय सापेक्ष प्रभावकारिता अभिवृद्धि गर्न कठिनाई हुनु।

(ख) बाह्य समस्या तथा चुनौति :
देशका अधिकाधिक क्षेत्रबाट सेवा विस्तारका लागि माग भई आएता पनि पर्याप्त श्रोतको अभावमा अपेक्षित रुपले सेवा विस्तार गर्न नसक्नु र नितिगत जोखिम कायम रहनु। साथै, अन्य बैंक तथा वित्तीय संस्थाबाट प्राप्त भईरहेको विपन्न वर्ग कर्जाको लागतमा अनपेक्षित वृद्धि हुनु।

६. रणनीति :
कृषिमा व्यावसायिकरण एवं साना किसानहरूको उत्पादकत्व अभिवृद्धि गर्न संस्थाले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। लघुवित्त क्षेत्रमा देखिएका ग्राहक दोहोरोपनाको समस्या कम गर्न संस्थाले सेवा वञ्चित क्षेत्रलाई प्राथमिकता दिने एवं एक कार्य क्षेत्र एक साझेदार संस्थाको नीति अवलम्बन गरेको छ। प्रतिस्पर्धात्मक वातावरणमा यस संस्थाको पहिचान उच्च राख्न र कार्य दक्षता बढाउन ग्राहकमुखी सेवा सुबिधामा जोड दिने एवं सूचना प्रविधिको समूचित उपयोग बढाउने नीति लिएको छ।

७. संस्थागत सुशासन :
यस संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक एवं सम्बन्धित नियमनकारी निकायहरूबाट प्राप्त मार्ग निर्देशनहरू उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ। संस्थाको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरू पारदर्शी एवं नियम संगत गर्नका लागि सञ्चालक समिति, लेखा परीक्षण समिति, कर्मचारी सेवा सुबिधा समिति, जोखिम व्यवस्थापन समिति र आन्तरिक लेखा परीक्षण एकाई क्रियाशील रहेको छ। संस्थाको कारोबारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ।

८. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।